
जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - २१६ | २०८३ भाद्र ०४ गते बिहीबार | Thursday, 20 Aug. 2026 | मूल्य ७ /-



संरक्षणको पर्खाइमा ओझेलमा परेका चमेरा

✍ दिक्षा क्षेत्री

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



## दमकमा स्वास्थ्य समीक्षात्मक गोष्ठी

# मानसिक स्वास्थ्य र डेंगी नियन्त्रण चुनौती

✍ **खगेन्द्र कार्की**



**दमक/** दमक नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई नागरिकको जीवनस्तर र समग्र विकासको महत्वपूर्ण सूचकका रूपमा अघि बढाउँदै सेवा विस्तार, प्रविधिको प्रयोग र रोग नियन्त्रणलाई प्राथमिकतामा राखेको छ । नगरपालिकाले गत आर्थिक वर्षका स्वास्थ्य कार्यक्रमको समीक्षा गर्दै आगामी वर्ष मानसिक स्वास्थ्य, डेंगी नियन्त्रण, मातृ तथा बाल स्वास्थ्य र नसर्ने रोगको परीक्षणलाई थप प्रभावकारी बनाउने योजना अघि सारेको हो ।

दमक नगरपालिकाको स्वास्थ्य शाखाले आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा नगर प्रमुख रामकुमार थापाले स्वास्थ्य सेवा नागरिकको पहुँचमा पुर्‍याउन स्थानीय सरकार प्रतिबद्ध रहेको बताए । कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख वृजकुमार दास, वरिष्ठ प्रमुख प्रशासकीय अधिकृत यज्ञराज निरौला, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, वडाध्यक्षहरु, जनप्रतिनिधि, दमक अस्पतालका पदाधिकारी, चिकित्सकहरू, स्वास्थ्य स्वयंसेविकाहरू तथा निजी स्वास्थ्य संस्थाका प्रतिनिधिको बाक्लो सहभागिता रहेको थियो ।

स्वास्थ्य शाखा प्रमुख ब्रजेशकुमार मेहताले प्रस्तुत गरेको विवरणअनुसार दमक अस्पतालले न्यूनतम् सेवा मापदण्ड (एमएसएस) मा ८४ प्रतिशत उपलब्धि हासिल गरेको छ । जसले कोशी प्रदेशमै दमक अस्पताललाई अब्बल श्रेणीमा उभ्याएको छ । प्रविधिका लागि बाहिर जान नपर्ने गरी नगर अस्पताललाई व्यवस्थित बनाइएको छ ।

नगरपालिकाका सबै आधारभूत स्वास्थ्य केन्द्रलाई प्रविधिसँग जोडिएको छ । ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा 'क' वर्गका अपाङ्गता भएका व्यक्तिलाई तीन वर्षदेखि घरदैलोमै स्वास्थ्य सेवा दिइँदै आएको छ । पाँचवटा स्वास्थ्य संस्थाबाट निःशुल्क प्रयोगशाला सेवा सुरू भएको र बाँकी केन्द्रमा समेत सेवा विस्तारको तयारी भइरहेको नगरपालिकाले जनाएको छ ।

स्वास्थ्य सूचकमा नियमित खोप कार्यक्रम प्रभावकारी देखिएको छ । दुई वर्षमुनिका बालबालिकाको नियमित खोपको पहुँच ९५ प्रतिशतभन्दा माथि पुगेको छ भने नगरलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको छ । पाठेघरको मुखको क्यान्सरविरूद्ध किशोरीलाई दिइने एचपीभी खोपसमेत लक्षित समूहका ९९ प्रतिशतभन्दा बढीमा पुगेको छ ।

तर मानसिक स्वास्थ्यका बिरामीको संख्या भने निरन्तर बढिरहेको छ । आर्थिक वर्ष २०८०/८१ मा ३ हजार २३६ मानसिक स्वास्थ्यसम्बन्धी केस रहेकामा २०८१/८२ मा ५ हजार ९०१ र २०८२/८३ मा ७ हजार १७३ पुगेका छन् । डिप्रेसनका बिरामी २०१ बाट बढेर १ हजार ५६२ पुगेका छन् । डेंगीका बिरामीसमेत पछिल्लो वर्ष २८ पुगेका छन् ।

नगरपालिकाले आगामी वर्ष विद्यालयमा दाँत तथा आँखा परीक्षण, नसर्ने रोगको अभियान, पोषण परीक्षण, कुपोषण व्यवस्थापन, क्षयरोगमुक्त नगरपालिका अभियान, स्तन तथा पाठेघरको मुखको क्यान्सर परीक्षण, ज्येष्ठ नागरिक स्वास्थ्य शिविर र मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने भएको छ । साथै निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको दर्ता तथा नियमन, स्वास्थ्य संस्थामा प्रयोगशाला विस्तार र नागरिक आरोग्य सेवा केन्द्रमार्फत थप सेवा सञ्चालन गर्ने योजना छ ।

संघीय बजेटतर्फ १२ करोड ६३ लाख रूपैयाँमध्ये ५४ प्रतिशत भौतिक र ४६.०८ प्रतिशत वित्तीय प्रगति भएको छ । नगरपालिकातर्फ १ करोड ४ लाख रूपैयाँ बजेटमा भौतिक प्रगति

बाँकी ४ पेजमा ▸▸

# कोशी सरकारले बनायो तीन समिति, सरकारको प्रवक्तामा शेर्पा

**दमक/** कोशी प्रदेश सरकारको प्रवक्तामा आन्तरिक मामिला तथा कानुन मन्त्री गोम्बु शेर्पा तोकिएका छन् । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले शेर्पालाई प्रवक्ता तोकेको हो । नेपाली कम्युनिष्ट पार्टीका नेता शेर्पा दुई दिन अगाडि मात्र मन्त्री नियुक्त भएका थिए ।

बैठकले प्रदेश लोकसेवा आयोगकको सातौं प्रतिवेदन प्रदेशसभामा पेश गर्ने निर्णय गरेको छ । बैठकले मुख्यमन्त्री सम्मेलनको अवधारणा पत्र स्वीकृत गर्ने र त्यसको तयारी गर्ने निर्णय समेत गरेको प्रवक्ता शेर्पाले जानकारी दिए । ग्रामिण सडक सुधार आयोजना कार्यान्वयन इकाइको अस्थायी दरबन्दी संरचना स्वीकृत गर्ने निर्णय पनि भएको छ ।

बैठकले विभिन्न तीनवटा उप समिति समेत बनाउने निर्णय गरेको छ । राजनीतिक तथा प्रशासनिक समितिको संयोजक खानेपानी मन्त्री तिलचन पाठक, सदस्यहरूमा पर्यटनमन्त्री खिनु लङ्वा, आर्थिक मामिला तथा योजना मन्त्री विदुर लिङ्थेप र सामाजिक विकासमन्त्री गिता तिम्सिना रहेका छन् । यस्तै, कानुन न्याय तथा प्रदेश मामिला समिति संयोजकमा आन्तरिक मामिला तथा कानुनमन्त्री गोम्बु शेर्पा, पर्यटनमन्त्री खिनु लङ्वा, आर्थिक मामिला मन्त्री विदुर लिङ्थेप र स्वास्थ्यमन्त्री इन्द्रमणि पराजुलीलाई तोकिएको छ ।

आर्थिक सामाजिक तथा पूर्वाधार समिति संयोजकमा भौतिक पूर्वाधार विकासमन्त्री जीवन आचार्य, सदस्यहरूमा तिलचन पाठक, विदुर लिङ्थेप, उद्योग कृषि तथा सहकारी मन्त्री रामप्रसाद महतो रहने निर्णय भएको छ ।

# न मुआब्जा न जग्गा फुकुवा, जग्गाधनी मर्कामा

**झापा/** प्रस्तावित पूर्व-पश्चिम विद्युतीय रेलमार्गका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जा नपाउँदा स्थानीय जग्गाधनीहरू समस्यामा परेका छन् । उनीहरूले प्रचलित बजार मूल्यअनुसार अविलम्ब मुआब्जा दिन वा जग्गा फुकुवा गर्न माग गरेका छन् । सरकारले झापाको काँकरभिट्टादेखि सुनसरीको इनरुवासम्मको १२६.७५ किलोमिटर दुरीमा विद्युतीय रेलमार्ग निर्माण गर्न राष्ट्रिय गौरवको आयोजनाका रूपमा जग्गा अधिग्रहण गरेको थियो । यसका लागि सरकारले छ वर्षअघि २०७७ जेठ २४ र २७ गते सूचना जारी गरी मालपोत कार्यालयमार्फत हक हस्तान्तरण रोक्का गरेको थियो ।

पूर्व-पश्चिम रेलमार्ग मुआब्जा समन्वय समितिका केन्द्रीय सचिव ज्ञानेन्द्र निरौलाका अनुसार झापा, मोरङ र सुनसरीका चार हजारभन्दा बढी घरधुरीको पाँच हजार ४२४ कित्ता जग्गा रोक्का राखिएको छ । "जग्गा रोक्का गरिएको छ वर्ष बितिसक्दा पनि सरकारले न मुआब्जा दिन्छ, न त फुकुवा नै गर्छ", उनले भने, "सरकारको यस्तो नीतिका कारण हामी सर्वसाधारण ठुलो मर्कामा परेका छौं ।"

बाँकी ४ पेजमा ▸▸

# सवारी दुर्घटनामा १४ जनाको मृत्यु

**दमक/** झापामा गत साउन महिनामा अत्यधिक सवारी दुर्घटना भएको छ । साउन महिनामा दुर्घटनामा परी १४ जनाले ज्यान गुमाएका छन् । त्यस्तै ९ जना गंभीर घाइते भएका छन् भने १ सय ३१ जना सामान्य घाइते भएका छन् ।

साउनभरि झापामा ९५ वटा सवारी दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । ट्राफिक प्रहरीको उपस्थिति रहने राजमार्गमा दुर्घटना न्यूनिकरण हुँदै गएपनि झापाका भित्री सडकमा दुर्घटना बढ्दै गएको छ ।

# इतर पक्षको असहमति चिर्दै महाधिवेशनमा होमियो कांग्रेस

**दमक/** नेपाली कांग्रेस पूर्वसभापति शेरबहादुर देउवा पक्षको विरोध र महाधिवेशन प्रक्रिया रोक्नुपर्ने मागबीच १५औं महाधिवेशनको तयारीमा अघि बढेको छ। २४ साउनदेखि १ भदौसम्म बसेको केन्द्रीय कार्यसमिति बैठकले आगामी १६ देखि १९ असोजमा महाधिवेशन सम्पन्न गर्नु वैधानिक र राजनीतिक दायित्व भएको निष्कर्ष निकाल्दै सभापति गगन थापाको संयोजकत्वमा महाधिवेशन मूल समिति गठन गरेको छ।

कांग्रेसले महाधिवेशनको तयारीलाई तीव्रता दिँदै कार्यतालिकासमेत परिमार्जन गरेको छ। यसअघि ३५ दिनको रहेको अधिवेशन प्रक्रिया छोट्याएर २२ दिनमा सम्पन्न गर्ने गरी नयाँ कार्यतालिका सार्वजनिक गरिएको हो। केन्द्रीय निर्वाचन समितिले मंगलबारदेखि निर्वाचन प्रतिनिधिलाई अभिमुखीकरण तालिमसमेत सुरु गरिसकेको छ।

नयाँ कार्यतालिकाअनुसार ११ भदौमा निर्वाचन अधिकृतलाई जिल्लामा खटाइनेछ भने १५ भदौमा वडामा निर्वाचन प्रतिनिधि पठाइनेछ। १६ देखि २० भदौसम्म वडामा अभिमुखीकरण तालिम सञ्चालन हुनेछ। २४ भदौमा गाउँ-नगर वडा अधिवेशन, २७ भदौमा गाउँ-नगरपालिका अधिवेशन तथा ३१ भदौमा प्रदेश निर्वाचन क्षेत्रको अधिवेशन गर्ने तयारी छ। प्रतिनिधिसभा निर्वाचन क्षेत्र एउटा भएका जिल्लामा ३ असोजमा अधिवेशन, ७ असोजमा जिल्ला अधिवेशन र १० असोजमा प्रदेश अधिवेशन गर्ने कार्यतालिका छ। केन्द्रीय महाधिवेशन भने पूर्वनिर्धारित १६ देखि १९ असोजमै हुनेछ। विदेशस्थित जनसम्पर्क समितिको अधिवेशन भदौभित्र सम्पन्न गर्ने कांग्रेसको तयारी छ।

महाधिवेशनका लागि आवास, खाद्य व्यवस्था, मञ्च व्यवस्थापन, अतिथि सत्कार, स्वास्थ्यलगायतका काम हेर्न मूल समितिअन्तर्गत विभिन्न उपसमिति गठन गरिने कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए। महाधिवेशनमा सभापति थापाले 'आगामी दशक, लोकतन्त्र र कांग्रेस' विषयमा मुख्य राजनीतिक प्रस्ताव पेस गर्नेछन्। उपसभापति विश्वप्रकाश शर्माले 'राजनीतिक संस्कृतिमा क्षयको प्रवृत्ति र

बाँकी ४ पेजमा ▸▸

# कोशी सरकारबाट कांग्रेसको समर्थन फिर्ता

**दमक/** नेपाली कांग्रेसले कोशी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। बुधबार बसेको कांग्रेस कोशी प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको हो ।

कांग्रेस संसदीय दलको बैठक जारी रहेकै अवस्थामा सरकारलाई दिएको समर्थन फिर्ता लिँदै प्रदेशसभा सचिवालयमा पत्र पठाइएको प्रदेशसभा सचिव सुदर्शन खड्काले जानकारी दिए । उनका अनुसार कांग्रेसले अब प्रदेशसभामा विपक्षी बेञ्चमा बस्ने जानकारी पनि गराएको छ। कोशी प्रदेशसभामा कांग्रेसका २९ सांसद छन्। ९३ सदस्यीय प्रदेशसभामा कांग्रेस सरकारबाट बाहिरिएसँगै मुख्यमन्त्री कार्की नेतृत्वको सरकारमाथि राजनीतिक दबाब बढेको छ।

# सर्पले टोकेर वैशाखयता ६६ जनाको मृत्यु

**दमक/** सर्पले टोकेर पछिल्लो चार महिनामा ६६ जनाको मृत्यु भएको छ। स्वास्थ्य सेवा विभाग अन्तर्गत इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार गत वैशाखदेखि हालसम्म देशभर ६६ जनाको मृत्यु भएको हो। यस्तै, यो अवधिमा नौ सय ५६ जनालाई सर्पले टोकेको छ।

स्वास्थ्य सेवा विभागको नियमित खरिद प्रक्रियाअन्तर्गत सर्पदंशको उपचारमा प्रयोग हुने ८ हजार २ सय भायल भ्याक्सिन सात वटै प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रमार्फत सम्बन्धित स्वास्थ्य संस्थामा वितरण गरिएको छ।

यसैगरी रेबिजविरुद्ध प्रयोग हुने १७ हजार ६ सय भायल रेबिज इम्युनोग्लोबुलिनसमेत केन्द्रीय भ्याक्सिन स्टोरमा प्राप्त भएको थियो। सर्पले टोकेका प्रत्येक एक सय जनामध्ये १० देखि १२ जनामा मात्रै विषको असर वा लक्षण देखिने गर्छ। यसरी विषको लक्षण पुष्टि भएका बिरामीलाई भने तत्कालै एन्टिभेनम (विष निरोधक खोप) दिई उपचार गर्नुपर्छ।

# 'एलपी ग्याँस आपूर्ति सहज हुँदै'



दमक । खाना पकाउने एलपी ग्यासको आपूर्ति व्यवस्था सहज हुँदै गएको बताइएको छ ।

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले बुधवार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन्।

प्रवक्ता पोखरेलकाअनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत अहिले विभिन्न स्थानमा ग्यास सिलिन्डर वितरणको काम भइरहेको छ।

कतिपय उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास सञ्चय गरेका कारण केही स्थानमा अभाव देखिएको उल्लेख गर्दै उनले यस विषयमा मन्त्रालय गम्भीर र संवेदनशील रहेको बताए ।

मन्त्री पोखरेलले भने, 'बजारमा ग्यासको आपूर्ति सहज हुँदै गइरहेको छ। केही समयभित्रै यो समस्या पूर्ण रूपमा समाधान भई आपूर्ति व्यवस्था सुचारू हुनेछ ।'

# तीन लाख १८ हजार भेटी संकलन

**ताप्लेजुङ /** प्रसिद्ध तीर्थस्थल पाथीभराबाट साउन महिनामा तीन लाख रूपियाँ बढी भेटी रकम संकलन भएको छ । एक महिनाको अवधि अर्थात् साउनमा पाथीभराबाट उक्त भेटी रकम संकलन भएको हो । पाथीभरा क्षेत्र विकास समितिका अनुसार साउन महिनामा कुल तीन लाख १८ हजार ५०० रूपियाँ भेटी संकलन भएको हो । समितिका कार्यकारी निर्देशक प्रजिन हाङ्बाङले नयाँ आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा उक्त भेटी रकम संकलन भएको जानकारी दिए ।

गत साउन महिनामा भन्दा यसवर्ष करिव ६० प्रतिशत कम मात्र भेटी संकलन भएको छ । गत आवमो साउनमा १० लाल ३९ हजार रूपियाँ भेटी रकम संकलन भएको थियो । पाथीभरा दर्शन गर्न आउने भक्तजनले चढाएको साथै दान गरेका रकमहरू समितिले भेटीको रूपमा संकलन गर्ने गरेको छ ।

यसैगरी चालु आवको साउन महिनामा दुई हजार ४६९ जना भक्तजनले पाथीभराको दर्शन गरेका छन् । गत आवको

बाँकी ४ पेजमा ▸▸

**प्रशान्ति महिला बचत तथा ऋण सहकारी संस्था लि.को**

## चुनावी साधारणसभा सम्बन्धी सूचना

मिति २०८३ साउन २९ गते शुक्रबार बसेको सञ्चालक समितिसहितको विस्तारीत बैठकको निर्णय अनुसार तपशील मिति, समय र स्थानमा **चुनावी साधारणसभा** तथा **तिज कार्यक्रम** हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

| सिन | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०८३ भाद्र १७ | विहान १० देखि ४ बजेसम्म |
| २ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३ भाद्र १८ | बिहान १०:३० देखि १२ बजेसम्म |
| ३ | उम्मेद्वारको मनोनयन दर्ता | २०८३ भाद्र १८ | दिउँसो १ देखि ४ बजेसम्म |
| ४ | उम्मेद्वारको पहिलो नामावली प्रकाशन | २०८३ भाद्र १९ | बिहान ११ देखि १२ बजेसम्म |
| ५ | उम्मेद्वारी उपर दावी विरोध | २०८३ भाद्र १९ | दिउँसो १२:३० देखि १:३० बजेसम्म |
| ६ | दावी विरोध उपर छानबिन तथा उम्मेद्वारी फिर्ता | २०८३ भाद्र १९ | दिउँसा २ देखि ३:३० बजेसम्म |
| ७ | उम्मेद्वारहरुको अन्तिम नामावली प्रकाशन | २०८३ भाद्र १९ | दिउँसो ४ देखि ५ बजेसम्म |
| ८ | चुनावी साधारणसभा तथा तिज कार्यक्रम | २०८३ भाद्र २१ | बिहान १०:३०-४ बजेसम्म |

❍ मिति : २०८३ भाद्र २१ गते ❍ समय : बिहान १०:३० देखि ४ बजेसम्म
❍ स्थान : मारवाडी सेवा सदन

**प्रशान्ति महिला बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-५, झापा

# सम्पादकीय

## सभामुखको कदम सकारात्मक

सभामुखको पद कुनै सत्तारूढ दल वा विपक्षीको पक्षमा उभिने पद होइन । यो पद संसद्का सबै पक्षप्रति समान र निष्पक्ष रहनुपर्ने संवैधानिक जिम्मेवारी हो । विगतमा सभामुखहरु सत्तापक्षतिर ढल्किएको आरोप लाग्दै आएको भए पनि पछिल्लो समय सभामुख डोरप्रसाद अर्यालको भूमिकामा देखिएको निष्पक्षता भने प्रशंसनीय देखिएको छ । प्रधानमन्त्री बालेन शाहले सरकार गठन भएको करिब पाँच महिना बितिसक्दा पनि प्रतिनिधिसभामा नियमित प्रश्नोत्तरका लागि उपस्थित हुनुभएको छैन । संसद्को नियमावलीले प्रधानमन्त्रीलाई प्रत्येक महिनाको पहिलो साता सांसदका प्रश्नको जवाफ दिन संसद्मा उपस्थित हुनुपर्ने व्यवस्था गरेको छ । तर त्यसको पालना नहुँदा विपक्षी दलहरुले पटक-पटक संसद् अवरोध गर्दै आएका थिए । यही कारण प्रतिनिधिसभा ७८ दिनसम्म प्रभावित भयो ।

यस्तो अवस्थामा सभामुख अर्यालले प्रधानमन्त्रीलाई संसद्मा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिन रूलिङ गर्नु महत्वपूर्ण कदम हो । यो निर्णयले सभामुख सत्तापक्षको दबाबमा नभई संसद्को संस्थागत गरिमाप्रति जिम्मेवार रहेको सन्देश दिएको छ । एमालेसहित विपक्षी सांसदहरुले यसको स्वागत गर्नु पनि स्वाभाविक हो । तर सभामुखको भूमिका यतिमै सीमित हुनु हुँदैन । प्रधानमन्त्रीले विगतमा संसद्मा दिएको विवादास्पद अभिव्यक्ति अझै संसदीय अभिलेखबाट नहटाइनु अर्को गम्भीर प्रश्न हो । संसद्का नियम सबैका लागि समान रुपमा लागू हुनुपर्छ । प्रधानमन्त्री होस् वा सामान्य सांसद, अमर्यादित तथा विवादास्पद अभिव्यक्तिका सम्बन्धमा स्थापित प्रक्रिया पालना हुनैपर्छ ।

प्रधानमन्त्रीले संसद् र सांसदलाई बेवास्ता गर्ने प्रवृत्ति निरन्तर राख्नु लोकतान्त्रिक संस्कारका लागि उचित होइन । संसद् सरकारको आलोचना गर्ने मात्र होइन, सरकारलाई जनताप्रति जवाफदेही बनाउने सर्वोच्च राजनीतिक मञ्च हो । त्यसैले सभामुखको रूलिङ प्रधानमन्त्रीले सम्मानपूर्वक पालना गर्नुपर्छ । सभामुख अर्यालको पछिल्लो कदमले संसद्को निष्पक्षता र मर्यादा पुनःस्थापित हुने आशा जगाएको छ । अब उहाँको परीक्षा व्यवहारमै हुनेछ । संसद्लाई सत्तापक्ष र प्रतिपक्षको रस्साकसीबाट माथि उठाएर जनताको प्रश्न र सरकारको जवाफदेहिताको साझा थलो बनाउन सके सभामुखप्रति देखिएको सकारात्मक धारणा अझ बलियो बन्नेछ ।

# मेटाले बालबालिकालाई सामाजिक सञ्जालमा लत लगाएको आरोप



दमक । फेसबुक र इन्स्टाग्राममार्फत बालबालिका तथा किशोर(किशोरीलाई जानाजानी आफ्नो प्लेटफर्ममा निर्भर बनाएको आरोपमा मेटाविरूद्ध अमेरिकाको क्यालिफोर्नियास्थित अदालतमा सुनुवाइ सुरू भएको छ । क्यालिफोर्निया र न्युयोर्कसहित २९ अमेरिकी राज्यले दायर गरेको मुद्दाको सुनुवाइ मंगलबार ओकल्यान्डमा सुरू भएको हो ।

करिब छ सातासम्म चल्ने सुनुवाइमा विभिन्न राज्यका सरकारी वकिल र मेटाका कानुन व्यवसायीले आफ्ना दाबी प्रस्तुत गर्नेछन् । राज्यका तर्फबाट प्रमुख वकिल मेगन ओनिलले मेटालाई ११ र १२ वर्ष उमेरका लाखौँ बालबालिका इन्स्टाग्राममा रहेको जानकारी हुँदाहुँदै उनीहरूलाई प्लेटफर्मबाट टाढा राख्न पर्याप्त कदम नचालेको आरोप लगाइन् ।

मेटाका प्रमुख वकिल पल स्मिटले भने राज्यको दाबी अस्वीकार गर्दै कम्पनीको आन्तरिक अनुसन्धानमा त्यस्ता प्रयोगकर्ताको संख्या एक लाखभन्दा केही बढी मात्र देखिएको बताए । उनले सामाजिक सञ्जालको 'लत' भन्ने अवधारणामाथि समेत प्रश्न उठाउँदै फेसबुक र इन्स्टाग्राम प्रयोग गर्ने धेरै किशोरकिशोरीको अनुभव सकारात्मक रहेको दाबी गरे ।


राज्यहरूले मेटाले बालबालिकासम्बन्धी संघीय तथा राज्यस्तरीय गोपनीयता कानुन पटक(पटक उल्लंघन गरेको आरोप लगाएका छन् । उनीहरूले मेटासँग अर्बौं डलर क्षतिपूर्ति माग गर्नुका साथै फेसबुक र इन्स्टाग्रामका 'लाइक' संख्या हटाउने तथा प्रयोगकर्तालाई निरन्तर सामग्रीतर्फ लैजाने 'इन्फिनिट स्क्रोल' जस्ता सुविधामा परिवर्तन गर्नुपर्ने माग गरेका छन् ।

सुनुवाइको पहिलो दिन मेटाका आन्तरिक दस्तावेजलाई लिएर पनि दुवै पक्षबीच विवाद भएको थियो । अनुसन्धानमा पाँचमध्ये एक किशोरले इन्स्टाग्राम प्रयोग गर्दा आफूलाई झन् नराम्रो महसुस हुने उल्लेख रहेको बताइन् । मेटाका वकिल स्मिटले भने सोही अध्ययनमा ४१ प्रतिशत किशोरले राम्रो महसुस गरेको र थप ४१ प्रतिशतले कुनै प्रभाव नपरेको उल्लेख रहेको बताइएको छ ।

राज्यका वकिलले मेटाको व्यवसायिक मोडल नै प्रयोगकर्तालाई सकेसम्म लामो समय प्लेटफर्ममा राख्ने, उनीहरूको डाटा संकलन गर्ने र त्यसबाट नाफा कमाउने उद्देश्यमा आधारित रहेको आरोप लगाएका छन् ।

मेटाले भने १३ वर्षभन्दा कम उमेरका बालबालिकालाई रोक्न असफल भएको र उनीहरूलाई जानाजानी प्रयोगकर्ता बनाएको आरोप अस्वीकार गरेको छ । उमेर पहिचानका लागि आवश्यक व्यक्तिगत विवरण संकलन गर्न गोपनीयता कानुनले नै सीमितता लगाएको कम्पनीको तर्क छ । मुद्दाको फैसला सामाजिक सञ्जाल कम्पनीहरूको बालबालिकाप्रतिको जिम्मेवारी र प्लेटफर्म डिजाइनसम्बन्धी आगामी कानुनी मापदण्डका लागि महत्वपूर्ण हुने देखिएको छ ।

# संरक्षणको पर्खाइमा ओझेलमा परेका चमेरा



✍ दिक्षा क्षेत्री

> अधिकतम चमेराका वासस्थान संरक्षण क्षेत्रभन्दा बाहिर रहेको पाइन्छ । निकुञ्ज बाहिरका गुँफा र सामुदायिक वनहरूमा यिनीहरूको कानुनी संरक्षण अझै पनि फितलो छ । हाल नेपालको सबैभन्दा ठूलो चमेरो 'राज चमेरो' को संख्या द्रुत गतिमा घटिरहेको छ । बढ्दो सहरीकरण, वन डढेलो, आहाराको कमी र पुरानो रूखहरूको विनाशले यिनीहरूको बासस्थान संकटमा छ । ०

रातको अन्धकारको समयमा सक्रिय हुने चमेरा विश्वकै एकमात्र उड्ने स्तनधारी प्राणी हो, जुन चरा जस्तै उड्न सक्छन् । प्रकृतिको सन्तुलन मिलाउन महत्वपूर्ण भूमिका खेल्ने यो जीव आज मानिसको गलत बुझाइको सिकार बनिरहेको छ । कतिपय मानिसले यसलाई अशुभ मान्छन् भने कतिपयले रोग फैलाउने जीवका रूपमा मात्र चिन्छन् ।

विश्वमा पाइने १४०० प्रजातिका चमेरा मध्य नेपालमा हालसम्म ५५ प्रजातिका चमेरा ६४ देखि ४१५४ मिटरसम्मको उचाईमा अभिलेख भएका छन् । चमेरा अत्याधिक मरुभुमि र ध्रुवीय क्षेत्र बाहेक पृथ्वीको जुनसुकै ठाँउमा पनि पाईन्छन् । चमेरा मुख्यत आहारका आधारमा फलाहारी चमेरो र मांसाहारी चमेरो हुन्छन् । विश्वको सबैभन्दा ठुलो चमेरा जायन्ट गोल्डेन क्राउन्ड फ्लाइङ फक्स हो भने सबैभन्दा सानो चमेरा बम्बल बि ब्याट हो ।

चमेरो प्राय रातमा बढी सक्रिय हुने भएकाले यिनीहरूमा ध्वनी एक उपयुक्त संचारको माध्यम हुन्छ । कीराफट्याग्रा खाने चमेराका आँखा साना हुने भएकाले तिनीहरु शिकार गर्न र बाटो पत्ता लगाउन इकोलोकेसन (प्रतिध्वनि) प्रविधिको प्रयोग गर्छन्, जसमा चमेराले आफैँले निकालेको उच्च फ्रिक्वेन्सीको आवाज वस्तुमा ठोक्किएर फर्किएपछि त्यसकै आधारमा आफ्नो गन्तव्य र आहारा पहिचान गर्छन् । फलफुल खाने चमेरा भने आँखाले सजिलै देख्न सक्छन्। चमेराहरूले विशेषगरी कीरा, माछा, फलफुल, पराग, साना स्तनधारी, चरा तथा रगत समेत खान्छन्। चमेरा गुँफा, पुराना भवन, जङ्गल, छाना, रूखका खोत्रो, आदिमा पाइन्छन्।

फलाहारी चमेराले विभिन्न फलफुल तथा वनस्पतिहरूको परागसेचन र विउ फैलाउने जस्ता महत्त्वपूर्ण काममा सहयोग पुऱ्याउँछन् । यदि चमेरा नहुने हो भने हाम्रा कतिपय मनपर्ने फलफूल र आयुर्वेदिक जडिबुटीहरूको अस्तित्व नै संकटमा पर्न सक्छ । मांसाहारी चमेराले एक घण्टामा झण्डै १,००० भन्दा बढी लामखुट्टे, स्यान्डफ्लाइ जस्ता कीराहरु नियन्त्रण गरी मलेरिया, डेँगु, कालाजार, जापानी इन्सेफलाइटिस जस्ता रोगहरु फैलावट हुनबाट रोक्छन् । यिनीहरूले अन्नवाली नष्ट पार्ने किराहरु खाएर हानिकारक विषादीको प्रयोग कम गराउँछन् । चमेराको दिशालाई ग्वानो भनिन्छ, जुन एक उत्कृष्ट जैविक मलको रूपमा प्रयोग गर्न सकिन्छ । कतिपय मानिसहरु चमेराको महत्तोबारे सचेत नभएका कारण चमेरा र यसको वासस्थान जोगाउँन कठिन भएको छ ।

कोरोना महामारीपछि चमेराप्रति नकारात्मक भ्रम र त्रास बढेको पाइन्छ, तर वैज्ञानिक तथ्यहरूका अनुसार चमेरो कोरोनाभाइरस, इबोला र रेबिज जस्ता घातक रोगहरु गराउने भाइरसहरूको केवल एउटा प्राकृतिक भण्डार मात्र हो, जसको रोगप्रतिरोधात्मक क्षमताले गर्दा ऊ आफैँ यी भाइरसहरूबाट बिरामी पर्दैन । चमेराले टोक्दैमा रेबिज सर्छ भन्ने डर समाजमा रहे पनि विश्व स्वास्थ्य संगठनका अनुसार मानिसमा हुने ९९ प्रतिशत रेबिज कुकुरकै टोकाइबाट हुने गर्दछ र छिमेकी देश भारतमा देखिएको निपा भाइरस जस्ता प्राणघातक रोगहरु फैलिनुमा चमेरो नभई वनविनाश, कृषि विस्तार र मानवीय अतिक्रमण मुख्य जिम्मेवार भएको मानिन्छ । जब चमेराको आहार र बासस्थान संकटमा पर्छ, तब तिनीहरु सहरी क्षेत्र र खेतीपातीतिर आउँन बाध्य हुन्छन्, जसले गर्दा मानिस र चमेराबीच अस्वभाविक सामीप्यता बढ्न गई मानिसमा भाइरस सर्ने जोखिम निम्तिन्छ तसर्थ गल्ती प्रकृति सन्तुलन राख्ने चमेराको नभइ प्रकृति विनाश गर्ने मानवीय व्यवहारको हुन सक्छ ।

नेपालमा जनचेतनाको कमीले चमेराप्रति मानिसहरूमा नकरात्मक धारणा भएको पाइन्छ । जस्तैः भुत, रोग सार्ने जनावर। कतिपय मानिसहरूमा चमेराले रगत चुस्छ भन्ने ठुलो भ्रम छ तर दक्षिण अमेरिकामा पाइने 'भ्याम्पायर ब्याट' ले मात्र जनावरको रगत चुस्छन् । नेपालमा पाइने चमेराहरु मुख्यतया कीरा र फलफूलमा नै निर्भर हुन्छन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत चमेरा संरक्षित सूचीमा समावेश नभए तापनि चमेरा मार्नु गैरकानुनी हो । 'वन ऐन २०७६' ले पनि वन क्षेत्रभित्रका वन्यजन्तुको अवैध सिकार र बासस्थान विनाशलाई निषेध गरिएको छ । यहाँ अधिकतम चमेराका वासस्थान संरक्षण क्षेत्रभन्दा बाहिर रहेको पाइन्छ । निकुञ्ज बाहिरका गुँफा र सामुदायिक वनहरूमा यिनीहरूको कानुनी संरक्षण अझै पनि फितलो छ । हाल नेपालको सबैभन्दा ठूलो चमेरो 'राज चमेरो' को संख्या द्रुत गतिमा घटिरहेको छ । बढ्दो सहरीकरण, वन डढेलो, आहाराको कमी र पुरानो रूखहरूको विनाशले यिनीहरूको बासस्थान संकटमा छ । नेपालमा अन्य वन्यजन्तुको तुलनामा हेर्दा चमेराको अध्ययन अनुसन्धान कम भएको पाइन्छ । विज्ञहरूका अनुसार नेपालका धेरैजसो प्रजातिहरूको जनसंख्या र वितरणबारे प्रयाप्त तथ्यांक नभएकाले संरक्षण योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ भइरहेको छ ।

गुँफामा मन्दिर बनाउँने, पर्यटकहरूले अनावश्यक होहल्ला गर्ने, लाइट बाल्ने, जस्ता गतिविधिले चमेराहरूलाई असर पुर्याइरहेका छन् । चमेराले एक वर्षमा एउटा मात्र बच्चा जन्माउने हुँदा यिनिहरूको संरक्षण अझ चुनौतीपूर्ण बनेको छ । चेपाङ समुदायमा पनि चमेराको मासु खाने गरेको पाइएको छ । कृषिमा रसायनिक मलको प्रयोगले मुख्य आहार (कीरा र फलफूल) विषाक्त र अभाव हुने हुँदा तिनीहरूको स्वास्थ्य, प्रजनन र बासस्थानमा गम्भीर संकट पुग्न सक्छ ।

वन्यजन्तुका ठुला जीवहरु (बाघ, गैँडा) को तुलनामा साना स्तनधारी प्राणीमा अध्ययन कम भए तापनि नेपालमा चमेरो संरक्षण र पर्यावरणको क्षेत्रमा सरकारी, गैरसरकारी तथा प्राज्ञिक स्तरबाट विभिन्न संस्थाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । जस्तैः साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउन्डेसन, विश्व वन्यजन्तु कोष नेपाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, हिमालयन नेचर, राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ नेपाल, प्रकृतिका साथीहरु, प्राकृतिक स्रोत अनुसन्धान तथा संरक्षण केन्द्र, चमेरा संरक्षण समूह पोखरा ।

पारिस्थितिकीय प्रणालीमा महत्तवपूर्ण भूमिका खेल्ने चमेराका संरक्षण गर्नु हामी सबैको दायित्व हो । यसका लागि चमेरासम्बन्धी भ्रम र फाइदाबारे जनचेतना कार्यक्रम फैलाउने र मुख्य वासस्थान (गुँफा, पुराना भवन र ठुला रूख)को पहिचान र संरक्षण गर्नु आवश्यक छ । विकास आयोजना गर्दा वातावरण-मैत्री पूर्वाधार निर्माण गर्ने, चमेरालाई मनपर्ने फलफुल तथा अन्य वोटविरूवाहरु रोप्ने र प्राङ्गारिक मललाई प्राथमिकता दिनुपर्छ ।

चकिलो बत्ती र ध्वनी प्रदुषणले चमेराको व्यवहारका असर पुऱ्याउने भएकाले चमेराको वासस्थान वरिपरी बत्तीको प्रकाश कम गर्ने र शान्त वातावरणको निर्माण गर्नुपर्छ। थप अध्ययन तथा अनुसन्धानमा जोड दिनुका साथैँ चमेराको सिकार गर्नेलाई कानुनी कारबाहीमा ल्याउनुपर्छ ।

# 'मासु-भात'को सुस्केरा र प्रजातन्त्रको नाटक

✍ बालकृष्ण 'पासा'

नेपाली राजनीतिको रंगमञ्चमा एउटा यस्तो अनौठो 'द्वन्द्वात्मक नाटक' मञ्चन भइरहेको छ, जहाँ दर्शकदीर्घामा बस्ने जनता सधैं रनभुल्लमा पर्छन् । नाटकका पात्रहरु बडो गज्जबका छन-एउटा संयन्त्रले उजुरी लिन्छ, अर्कोले झ्याप्प थुन्छ, अनि कानुनी तानाबाना बुन्दै न्यायालयले बन्दीप्रत्यक्षीकरणको बाटोबाट छुट्ने अवसर दिन्छ । बाहिर निस्केर उही पुराना शक्तिहरु फेरि झोक्किन्छन् र राज्य प्रशासनको फितलो अनुसन्धानमाथि उपहास गर्छन् ।

उता मिडिया र पत्रकारहरु कोही सरकारलाई 'नालायक' त कोही अदालतलाई 'सेटिङको अखडा' भन्दै मसी खर्चिरहन्छन् । सरकार भ्रष्टाचारी समातेको जस लिन हतारिन्छ तर प्रमाणको कडी जुटाउन चुक्छ । यो पक्राउ र रिहाइको सरसर्ती खेल हेर्दा लाग्छ, राज्यका अंगहरु नागरिकलाई न्याय दिन होइन, बरु एकअर्कामाथि हिलो छ्यापेर पन्छिनका लागि मात्र प्रतिस्पर्धा गरिरहेका छन् ।

यो शक्ति र पहुँचको सर्कस चलिरहँदा विचरा सोझा जनता भने महँगीको खाद्यान्न किन्न बाध्य भएर एकहोरो टोलाइरहेका छन् । ठूला अपराधी थुनिँदा वा छुट्दा पनि बजारको मूल्य घट्दैन, न त सरकारी अयाको सास्ती नै कम हुन्छ । जनताका लागि प्रमाण पुगे पनि एकछाक खान धौधौ, प्रमाण नपुगे पनि उही पुराना सुस्केरा र उही हालत ! बिहान-बेलुकीको छाक टार्ने र पापी पेट पाल्ने क्रूर बाध्यताका अगाडि यो 'हाइप्रोफाइल' कानुनी लडाइँ फगत एउटा मनोरञ्जनमात्र बनेको छ ।

विडम्बना त के छ भने, आमनागरिकको यो वास्तविक पिरलो न त स्टन्टबाजीमा रमाउने सरकारले बुझ्न चाहन्छ, न प्राविधिकतामा अल्झिने न्यायालयले, न त प्रचारमुखी अनुसन्धानदाताले नै । अब प्रश्न उठ्छ, यो दुष्चक्रको असली दोषी को हो ? नेता वा प्रणाली मात्र कि क्षणिक स्वार्थमा अन्धभक्त हुने नागरिक स्वयं ? नेपाली समाजमा दलीय आधारमा आँखा चिम्लेर नेताको देवत्वकरण गर्ने र चुनावका बेला सीमित खानपान वा 'मासु(भात संस्कृति' का पछि लाग्ने जुन घातक प्रवृत्ति छ, त्यो सामाजिक दृष्टिकोणमा पटक्कै पाच्य छैन ।

नागरिक भएर नेताहरूको समर्थन गर्दा दलीय 'झण्डा' र 'चुनाव चिह्न' बोकेर होइन, बरु उनीहरूको व्यक्तिगत अनुशासन, व्यावहारिक सामाजिक दायित्व र दृढ निष्ठाको हिसाबले मूल्यांकन गर्न जरूरी छ । जबसम्म जनताले केही घण्टाको लोभमा आफ्नो विवेक बन्धक राख्न छोड्दैनन्, तबसम्म देशले योग्य नेतृत्व पाउने छैन ।

तसर्थ, अबको प्रस्ताव स्पष्ट छ : राज्यका संयन्त्रहरुले सस्तो लोकप्रियताका लागि मिडिया ट्रायल गर्नुभन्दा बलियो फरेन्सिक र वित्तीय अनुसन्धानमा जोड दिनुपर्छ भने नागरिकले पनि क्षणिक स्वार्थ त्यागेर गुण र दोषका आधारमा नेतृत्वलाई दण्डित वा पुरस्कृत गर्ने दृढ अनुशासन सिकाउनै पर्छ । सञ्जालबाट

## पुस्तक समीक्षा

# 'बीपी र विद्रोहका ती दिन" : इतिहासका ओझेल परेका पाटाहरू

दमक / धर्म गौतमको 'बीपी र विद्रोहका ती दिन' नेपाली राजनीतिक इतिहासलाई नयाँ कोणबाट बुझ्न उपयोगी पुस्तकका रूपमा आएको छ । लेखक स्वयं बीपी कोइरालाको निर्वासनकाल, नेपाली कांग्रेसको राजनीति र राष्ट्रिय मेलमिलापको समयका प्रत्यक्ष साक्षी भएकाले पुस्तकमा इतिहासका औपचारिक विवरणभन्दा बढी अनुभूति, संस्मरण र भोगाइले स्थान पाएका छन् । यही यसको मुख्य विशेषता हो ।

पुस्तकमा बीपी कोइरालासँग जोडिएका कतिपय कम चर्चित प्रसंगलाई रोचक ढंगले प्रस्तुत गरिएको छ । भारतको संकटकालका बेला प्रहरीको निगरानीबाट जोगिँदै जर्ज फर्नान्डेज 'मछुवारा' बनेर बीपी निवास पुगेको प्रसंगले त्यस समयको राजनीतिक जोखिम र भूमिगत गतिविधिको झल्को दिन्छ ।




त्यसैगरी सिक्किमलाई भारतमा विलय हुनबाट रोक्न बीपीले राजा छोग्याल र प्रधानमन्त्री लेन्डुप दोर्जीलाई सन्देश पठाएको प्रसंगले उनको क्षेत्रीय राजनीति र राष्ट्रिय स्वार्थप्रतिको दृष्टिकोण उजागर गर्छ ।

अमिताभ बच्चनका माता(पिता हरिवंशराय बच्चन र तेजी बच्चन बीपीलाई भेट्न आएको प्रसंगले उनको राजनीतिक व्यक्तित्वसँगै साहित्यिक तथा बौद्धिक वृत्तमा रहेको प्रभाव देखाउँछ । गणेशमान सिंहलाई लिन बनारस रेलस्टेसन पुगेकी शैलजा आचार्य र रेलको शौचालयमा अलमलिँदा गणेशमानलाई भेट्न नसकेको प्रसंगजस्ता घटनाले पुस्तकलाई थप जीवन्त बनाएका छन् ।

यद्यपि पुस्तकलाई राजनीतिक इतिहासको पूर्ण दस्तावेजभन्दा पनि संस्मरणात्मक इतिहासका रूपमा पढ्नु उपयुक्त हुन्छ । लेखकका व्यक्तिगत स्मृति, सुनेका प्रसंग र प्रत्यक्ष अनुभव मिसिएकाले कतिपय घटनाको थप दस्तावेजी प्रमाण खोज्ने पाठकलाई केही प्रश्न रहन सक्छन् । तर यही आत्मीयता पुस्तकको आकर्षण पनि हो ।

समग्रमा, 'बीपी र विद्रोहका ती दिन' बीपी कोइरालालाई केवल राजनीतिक सिद्धान्त र निर्णयबाट होइन, मानवीय सम्बन्ध, संघर्ष, हास्य(व्यंग्य र दैनिक जीवनका स(साना घटनाबाट बुझाउने पुस्तक हो । इतिहासमा रूचि राख्ने पाठकका लागि यसले परिचित राजनीतिक पात्र र घटनालाई नयाँ दृष्टिले हेर्ने अवसर दिन्छ । नेपाली कांग्रेस र बीपीको राजनीतिक यात्राका कम उजागर भएका पाटाहरु जान्न चाहनेका लागि पुस्तक पठनीय र महत्वपूर्ण संस्मरण बनेको छ ।














**ध्वस्त भवन अब नयाँ स्वरुपमा :** गत वर्षको भदौ २३-२४ को जेनजी आन्दोलनमा क्षतिग्रस्त दमक नगरपालिकाको पूर्वी मुख्य प्रशासनिक भवन अब पुनर्निर्माणको चरणमा प्रवेश गरेको छ। करिब १० करोड रूपैयाँ लागतमा नयाँ भवन निर्माण गर्न डिजाइन तयार भइसकेको छ भने दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित ठेक्का प्रक्रिया अघि बढाइएको छ।

# विद्यालयमा गोली चल्दा दुईको मृत्यु

एजेन्सी/ दक्षिणी फिलिपिन्सको एक निजी विद्यालयमा मङ्गलबार गोली चल्दा दुई जनाको मृत्यु भएको छ । प्रहरीले विद्यालय परिसरमा प्रवेश गरेका एक विद्यार्थीले कक्षाकोठामा गोली चलाएको जनाएको छ ।

घटनामा कक्षा १० का एक विद्यार्थीको मृत्यु भएको पुष्टि भएको छ भने विद्यालयले मृतकको सत्त्या दुई रहेको जनाएको छ । पश्चिमी मिन्डानाओको जाम्बोआङ्गा सहरस्थित क्याथोलिक निजी संस्था एटिनो डे जाम्बोआङ्गा विश्वविद्यालयमा घटना भएको हो । पछिल्ला केही महिनामा फिलिपिन्समा भएको यो दोस्रो विद्यालय गोलीकाण्ड भएको प्रहरीले जनाएको छ ।

क्षेत्रीय प्रहरीका अनुसार कक्षा ९ का एक विद्यार्थीले विद्यालय परिसरभित्र पिस्तोल र राइफल ल्याएर कक्षाकोठामा गोली चलाएका थिए । त्यसपछि उनले आफैँलाई गोली हानेको बताइएको छ । घटनामा एक जनाको मृत्यु भएको प्रहरीले प्रारम्भिक रुपमा जनाएको थियो ।

# विद्यार्थीलाई शैक्षिक सामाग्री वितरण

**दमक**/ पहिलो पाइला नेपाल दमक शाखाले झापाको कमल गाउँपालिका वडा नम्बर ५ को सिम्लेस्थित शहीद रत्न आधारभूत विद्यालयका विद्यार्थीहरूलाई पोशाक तथा शैक्षिक सामाग्रीहरु वितरण गरेको छ ।



पहिलो पाइला नेपाल दमक शाखाको आयोजनामा सो सस्थाका अध्यक्ष परोपकार सेवामा सक्रिय गोविन्द निरौला (राजु) को जन्मदिनलाईसमेत विशेष अवसर बनाएर विद्यार्थीहरुलाई पोशाकसहित शैक्षिक सामाग्रीहरु वितरण गरिएको सल्लाहकार महेश घिमिरेले जानकारी दिए ।

मंगलबार, विद्यालय परिसरमा एक संक्षिप्त कार्यक्रम गरेर पहिलो पाइला नेपाल दमक शाखाले ग्रामिण क्षेत्रमा सञ्चालित सामुदायीक विद्यालयको शैक्षिक विकासमा सानै भएपनि सकारात्मक र रचनात्मक गतिविधिहरुको बारेमा अध्यक्ष निरौलाले बताए ।

शहीद रत्न आधारभूत विद्यालय ब्यबस्थापन समिती अध्यक्ष देबिवीर राईको अध्यक्षतामा र प्रधानाध्यापक कुबेर पाण्डेले सञ्चालन गरेको कार्यक्रममा विद्यार्थीहरुलाई पोशाक र शैक्षिक सामाग्रीहरु वितरणपछि पहिलो पाइला नेपाल दमक शाखाले स्थापनाकालदेखि सामाजिक सेवामा योगदान पुर्याउँदै आइरहेको अध्यक्ष निरौलाले जानकारी दिए ।

# झापामा एकवर्षको अवधिमा छ झोलुङ्गे पुल निर्माण

**भद्रपुर/** जिल्ला पूर्वाधार विकास कार्यालयले गत आर्थिक वर्षमा झापाका विभिन्न स्थानमा छवटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरेको छ । कार्यालयका प्रमुख राजेश्वर महतोका अनुसार निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको कुल लम्बाइ २२८ मिटर रहेको छ । कार्यालयका अनुसार गौरादह नगरपालिका–१ बाट कमल बासबारी जोड्ने सडक अन्तर्गत कृष्णखोलामा, गौरादह नगरपालिका–५ स्थित निरौला गाउँको चन्दु खोलामा र दमक नगरपालिका–८ र ९ स्थित जलपाथिभरा देवी जाने बाटोअन्तर्गत दिपेनी खोलामा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् ।



त्यस्तै, कचनाकवल गाउँपालिका–७ स्थित साविक बालुवाडी–९ र वडा नं ३ जोड्ने बालुवा खोलामा, बिर्तामोड नगरपालिका–२ र कनकाई नगरपालिका–९ जोड्ने स्थानमा तथा बाह्रदशी गाउँपालिकाको कटहरडाँगी जाने बाटोअन्तर्गत अनुवा खोलामा पनि झोलुङ्गे पुल निर्माण सम्पन्न भएको कार्यालयले जनाएको छ ।

यसैगरी, गत आवमै मेचीनगर नगरपालिका–४ र भद्रपुर नगरपालिका–९ जोड्ने फुलबासा खोलामा ५० मिटर लामो मोटरेबल सडक पुल निर्माण सम्पन्न भएको कार्यालयका प्रमुख महतोले जानकारी दिए ।

पूर्वाधार निर्माणतर्फ कार्यालयले गत आवमा ५१ किलोमिटर सडक कालोपत्र गरेको छ । यस्तै, ३२.८० किलोमिटर सडक ग्राभेल, ९.५२ किलोमिटर सडकमा आरसिसी ढलान र ९०० मिटर सडक मर्मतसम्भार गरिएको कार्यालयले जनाएको छ ।

गत आवका लागि कार्यालयलाई एक अर्ब ५१ करोड १४ लाख ७८ हजार बजेट विनियोजन भएकामा एक अर्ब पाँच करोड ४५ लाख ६४ हजार ५४० खर्च भएको छ ।

कार्यालयका अनुसार पुल तथा सडक निर्माणका यी कामले जिल्लाका ग्रामीण तथा दुर्गम क्षेत्रलाई सडक सञ्जालसँग जोड्न तथा स्थानीय बासिन्दाको आवागमन सहज बनाउन योगदान पुऱ्याएको छ ।

# कमलनगर जेसीजको ११औं वार्षिकोत्सव सम्पन्न

**कमल** /कमलनगर जेसीजले ११औं वार्षिकोत्सव मनाएको छ । कमल–५, पाडाजुङ्गीस्थित बनमारा क्याफेमा कमलनगर जेसीजले ११औं स्थापना दिवसको केक काटेर शुभकामना आदानप्रदान गरिएको हो ।

कमलनगर जेसीजका कार्यकारणी उपाध्यक्ष तथा कार्यवहाक अध्यक्ष कमल कटुवालको अध्यक्षतामा र गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीको प्रमुख आतिथ्यता सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रम कमलनगर जेसीज वर्ष २०२६ का उपाध्यक्ष शम्भुप्रसाद निरौलाको संयोजकत्वमा सम्पन्न भएको थियो । त्यस्तैं, कार्यक्रममा कमलनगर जेसीजका पूर्व अध्यक्ष एबम् शैक्षिक व्याक्तित्व नारायण बस्नेतलगायत जेसीजकर्मीहरूको उपस्थिति थियो । स्थापना दिवसका अवसरमा कमलनगर जेसीजका पूर्व अध्यक्षहरु, वर्तमान पदाधिकारी, विभिन्न संघसंस्थाका प्रतिनिधि, पत्रकार, समाजसेवीलगायतको उपस्थिति रहेको थियो ।

कमलनगर जेसीजले स्थापनाकालदेखिनै युवाको नेतृत्व विकास, सामाजिक सेवा तथा समुदायमा सकारात्मक परिवर्तनका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

# ताप्लेजुङमा चोरी गर्ने बिर्तामोडबाट पक्राउ

*__बिर्तामोड__/ ताप्लेजुङबाट चोरी गरी फरार भएका एक व्यक्ति बिर्तामोड बसपार्कबाट पक्राउ परेका छन् ।*

*पक्राउ पर्नेमा ताप्लेजुङ सिरिजंगा गाउँपालिका वडा नं ४ फुन्दुवा बस्ने वर्ष २६ का मनकुमार थापा रहेका छन् । उनले भदौ १ गते साँझ ५ बजे ताप्लेजुङ सिदिङ्वा गाउँपालिका ४ साब्लाखु बस्ने नबिन राईको घरबाट ३ तोला सुनको सिक्री र नगद ५० हजार चोरी गरेका थिए । चोरीमा संलग्न भई उनी फरार भएको प्रहरीले जनाएको छ ।*

*उनी अर्जुनधारा वडा न. ११ बसपार्कस्थित सिता होटलको अगाडीबाट पक्राउ परेका हुन् । उनको साथबाट नगद ११ हजार ८९५ रुपैयाँ, चाँदीको जस्तो देखिने सिक्री १ थान, सुन जस्तो देखिने सिक्री १ थान, मोबाईल १ थान र घडी १ थान बरामद भएको छ । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय अनारमनीमा ल्याई राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।*

# श्रम संस्कृति पार्टीका केन्द्रीय सदस्य निलम्बित

**धरान/** श्रम संस्कृति पार्टीका केन्द्रीय सदस्य राजेश खिम्दुङविरुद्ध पार्टीकै धरान उपमहानगर कमिटीकी सहसचिव शुक्रकुमारी राईले शारीरिक शोषण, धाकधम्की तथा मानसिक तनाव दिएको आरोप लगाउँदै प्रहरीमा उजुरी दिएपछि पार्टीले निलम्बन गरेको छ । राईले मंगलबार इलाका प्रहरी कार्यालय धरानमा दिएको ठाडो उजुरीमा खिम्दुङले आफूलाई गालीगलौज गर्ने, धाकधम्की दिने, शारीरिक शोषण गर्ने तथा मानसिक तनाव दिने गरेको आरोप लगाएकी छन् ।

खिम्दुङलाई झिकाएर आवश्यक छलफल तथा कारबाहीको प्रक्रिया अघि बढाउन प्रहरीसमक्ष निवेदनमा माग गरिएको छ । उजुरी परेको विषय सार्वजनिक भएपछि श्रम संस्कृति पार्टीका केन्द्रीय अध्यक्ष हर्कराज राई (साम्पाङ)ले खिम्दुङलाई केन्द्रीय सदस्य पदबाट निलम्बन गरेका छन् ।

साम्पाङले सामाजिक सञ्जालमार्फत घटनाको सत्यतथ्य पत्ता नलागेसम्म र विषय टुंगोमा नपुगेसम्म खिम्दुङलाई पार्टीको केन्द्रीय सदस्य पदबाट निलम्बन गरिएको जानकारी दिएका हुन् ।

# परिवार नियोजन संघको कार्यक्रम

**भद्रपुर**/ विश्व मानवता दिवस २०२६ को अवसरमा परिवार नियोजन संघ चन्द्रगढी झापा शाखाले विविध प्रवचन कार्यक्रम गरि दिवस सम्पन्न गरेको छ ।

भद्रपुरमा मंगलबार सम्पन्न कार्यक्रमको उद्घाटन भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेलले गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख पोखरेलले मानवतासंग जोडिएका जुनसुकै कार्यहरु गर्न पनि सरोकारवाला संघसंस्थाले नगरपालिका संग सह कार्य गर्नु पर्ने बताए ।

हरेक मानव सेवाका सन्दर्भमा नगरपालिका काम गर्न ईच्छुक रहेको भन्दै नगरपालिकाले जुनसुकै संघसंस्थालाई पनि प्रकोप लगायतका सम्पुर्ण मानवीय सेवामा सहयोग गर्ने उनको भनाइ छ । कार्यक्रमको सहजीकरण गर्दै कार्यालयका शाखा प्रवन्धक कमल सुवेदीले मानवताका सेवामा संघले जिल्ला तथा जिल्ला बाहिर मुलुकका हरेक क्षेत्रमा मानव सेवामुलक कार्य गरेको बताए । कार्यक्रममा कोशी प्रदेश प्रहरी व्यवस्थापन गुल्म चन्द्रगढीका वरिष्ठ प्रहरी नायब निरिक्षक सुभेन्द्र कुमार कर्णले गुल्मले झापा लगायतका विभिन्न स्थानहरुमा बाडी पिडित लगायतका क्षेत्रमा गरेका कार्यहरुको विवरण प्रस्तुत गरेका थिए ।

संघका अध्यक्ष तोया गड्तौलाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघकी केन्द्रीय सदस्य चन्द्रमाया श्रेष्ठ ,हल्दिवारी गाउँ पालिकाकी उपाध्यक्ष लक्ष्मी देवी मैनाली लगायतले वोल्दै सवै समुदाय तथा पक्षले मानव सेवा गर्नु पर्नेमा जोड दिएका छन् ।

***न मुआब्जा....***रेलमार्गका लागि झापाको दुई हजार ४५७, मोरङको एक हजार ६६८ र सुनसरीको एक हजार ३२९ कित्ता जग्गा अधिग्रहण गरिएको छ । अधिग्रहण क्षेत्रमा मेचीनगर र बिर्तामोडका दुई वटा सिंगो बस्ती नै परेका छन् ।

रेलमार्ग क्षेत्रमा ५१२.६९ हेक्टर खेतीयोग्य जमिन, ५३.६१ हेक्टर नदी तथा जलक्षेत्र, ३३ हेक्टर आवासीय क्षेत्र, १९.६ हेक्टर वनजङ्गल र १६.८६ हेक्टर सडक सञ्जाल पर्दछ ।

अधिग्रहण गरिएको क्षेत्रमा रेल विभागले सीमाङ्कनसमेत गरिसकेको छ । जग्गा किनबेच, अंशबण्डा, बैङ्क धितो र हक हस्तान्तरणमा पूर्ण प्रतिबन्ध लगाइँदा जग्गाधनीहरूले आफ्नो निजी सम्पत्तिको उपयोग गर्न पाएका छैनन् । समन्वय समितिका सचिव निरौलाले पटकपटक सरकार र मन्त्रीहरू फेरिए पनि समस्या जस्ताको तस्तै रहेको बताउनुभयो । उहाँका अनुसार प्रभावितहरूले चलनचल्तीको मूल्यअनुसार उचित मुआब्जा दिनुपर्ने वा छ वर्षसम्म रोक्का राखिए बापत क्षतिपूर्तिसहित जग्गा फुकुवा गर्नुपर्ने माग राख्दै आएका छन् ।

***मानसिक......***५० प्रतिशतभन्दा कम र वित्तीय प्रगति करिब ४७ प्रतिशत रहेको समीक्षा कार्यक्रममा जानकारी दिइयो ।

जिल्ला प्रमुख प्रगति राम्रो देखिएको, खोपमा पनि ८५ प्रतिशतभन्दा माथि रहेको बताए । उनले स्थानीय तहमा प्रदेशकै नमूना अस्पतालका रूपमा दमक नगरअस्पताल उभिएको पनि बताए ।

दमक नगरप्रमुख राम थापाले नगर अस्पतालले पछिल्लो समयमा के कति प्रगति गर्न सकेको रहेछ र ति उपलब्धीलाई केन्द्रसँग कसरी जोड्ने र निजी क्षेत्रका स्वास्थ्य संस्थालाई दमक अस्पताल वा नगरसँग कसरी जोड्ने भनेर निजी क्षेत्रको बाक्लो उपस्थिति र जिल्ला स्वास्थ्य कार्यालयबाट प्रमुख दासको उपस्थितिमा कार्यक्रम आयोजना गरिएको बताए । उनले जिल्ला स्वास्थ्य कार्यालयबाट वडा तहसम्मकै स्वास्थ्य संस्थाहरूको अनुगमन गरेर राम्रा उपलब्धीलाई माथिसम्म पुऱ्याउने र भएका कमीकमजोरीलाई सुझाव दिन आग्रह समेत गरे । कार्यक्रम दमक नपाका प्रशासकीय अधिकृत सुनिल निरौलाले मन्तव्य राखेका थिए भने कार्यक्रम सञ्चालन स्वास्थ्य शाखाका अग्नि चौलागाईले गरेका थिए ।

***तीन.......***साउनमा पनि दुई हजार १४६ जना भक्तजनले मात्र पाथीभरा दर्शन गरेको समितिको तथ्यांक रहेको छ । गत आवभरमा भने पाथीभराबाट चार करोड ८२ लाख तीन हजार ८५५ रूपियाँ भेटी संकलन भएको थियो । त्यस्तै सो आवमा दुई लाख ५२ हजार ७८ जनाले पाथीभराको दर्शन गरेका थिए ।

***असहमति......***युगानुकूल रूपान्तरणको अभिभारा' विषयक प्रस्ताव तथा उपसभापति पुष्पा भुसालले प्रदेश निर्वाचनसम्बन्धी विशेष प्रस्ताव पेस गर्नेछन् । महामन्त्री गुरुराज घिमिरेले संगठनसम्बन्धी प्रस्ताव पेस गर्नेछन् ।

यसैगरी महामन्त्री प्रदीप पौडेलको संयोजकत्वमा विधान संशोधन समिति गठन गर्ने निर्णय भएको छ । समितिले पार्टीका विभिन्न तह, निकाय र सदस्यबाट सुझाव संकलन गरी विधान संशोधनको प्रस्ताव केन्द्रीय कार्यसमितिसमक्ष पेस गर्नेछ ।

क्रियाशील सदस्यताको डिजिटल अभिलेख अद्यावधिक गर्न छुटेका सदस्यलाई पुनः निश्चित समय दिएर अद्यावधिकको अवसर प्रदान गर्ने निर्णयसमेत कांग्रेसले गरेको छ । सदस्यता व्यवस्थापन समितिका निर्णय अनुमोदन गर्दै प्राविधिक तथा व्यवस्थापकीय समस्या समाधानका लागि समितिलाई आवश्यक अख्तियारी दिइएको छ ।

सभापति थापाले महाधिवेशनका लागि समय अत्यन्त कम रहेकाले प्रक्रिया रोक्न नसकिने बताएका छन् । निर्वाचन अधिकृतलाई प्रशिक्षण दिँदै उनले असन्तुष्ट नेताहरूसँग निरन्तर संवाद भइरहेको र निर्धारित कार्यतालिकाअनुसार महाधिवेशन सम्पन्न गर्ने बताए । महाधिवेशन प्रक्रिया निष्पक्ष, पारदर्शी र त्रुटिरहित बनाउन निर्वाचन अधिकृतलाई निर्देशन दिँदै उनले कुनै पनि प्रकारको अनियमितता वा पूर्वाग्रह नराख्न आग्रह गरे ।

यता, पूर्वसभापति देउवा पक्षले भने महाधिवेशन प्रक्रिया रोक्नुपर्ने अडान दोहोऱ्याएको छ । पार्टीको आधिकारिकता र महाधिवेशनसम्बन्धी विषय अदालतमा विचाराधीन रहेको भन्दै देउवा पक्षले सम्पूर्ण प्रक्रिया स्थगित गर्न माग गर्दै आएको छ । उसले राष्ट्रिय भेला गर्दै देउवाकै नेतृत्वमा १५औं महाधिवेशन गर्नुपर्ने धारणा अघि सारेको छ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने, वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।
सेवामा आवद्ध डाक्टरहरु
☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर
ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

साक्षर समाज-सक्षम राष्ट्र
अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।
शिक्षा :
- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।
नेपाल सरकार
विज्ञापन बोर्ड


◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com